बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरुले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

बचत गर्दा ध्यान दिऔं।

सहकारी लगायत् वित्तीय संस्थामा
रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं। अधिक लाभको लोभमा नफसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : १६२ ॥ २०७९ श्रावण ०५ गते बिहिबार (22thJul 2022 Thursday) **Pratidin** National Daily dÑo-?:%÷-

# कोटीहोम ल्याबको आम्दानी खर्च छानबिन गर्न निर्देशन



*झापा (प्रस)* । झापाको कोटीहोम पीसीआर प्रयोगशालाको आम्दानी खर्च छानबिन गर्न निर्देशन दिइएको छ । महालेखा परीक्षक कार्यालयको हालै सार्वजनिक ५९ औं वार्षिक प्रतिवेदनमा कोटीहोम पीसीआर ल्याबले आम्दानीको कुनै पनि रकम मेची अस्पताल भद्रपुरलाई नदिएकोले छानबिन गर्न उल्लेख गरिएको छ ।

प्रतिवेदनमा भनिएको छ, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २०७७ असार १० को प्रयोगशाला सञ्चालनसम्बन्धी निर्णयमा मेची अस्पतालमा (कोभिड १९) परीक्षण प्रयोगशाला अनुमति दिएको छ। कोभिड १९ को दोस्रो लहर प्रारम्भपछि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको २०७७ भदौ १९ को पीसीआर परीक्षण अनुमति सम्बन्धी पत्राचारमा मेची अञ्चल अस्पतालअन्तर्गतको सेवा कनकाई पीसीआर प्रयोगशालामा मेची अस्पतालको जनशक्तिबाट सेवा उपलब्ध हुने गरी तोकिएको छ। सो प्रयोगशालाबाट भएको आम्दानी मेची अस्पतालले प्राप्त गरेको छैन । परीक्षणको क्रममा कोटीहोम पीसीआर प्रयोगशालाबाट २०७७ भाद्रदेखि २०७८ असार मसान्तसम्म २५ हजार ९७६ नमुना परीक्षण गरिएको जानकारी दिएको छ । प्रति नमुना एक हजारको दरले शुल्क लिने व्यवस्थाको आधारमा २ करोड ५९ लाख ७६ हजार आम्दानी हुने अवस्था रहेको भएता पनि मेची अस्पताललाई कुनै रकम प्राप्त भएको नदेखिएकोले प्रयोगशालाको आम्दानी खर्च सम्बन्धमा छानबिन गरी अस्पतालले पाउने रकम यकिन गरी असुल हुनुपर्दछ भनिएको छ । सो ल्याब मेची अस्पतालअन्तर्गत संचालन हुनेगरी संचालनको अनुमति दिइएको थियो ।




राईले जिते रजत पदक– माल्दिभ्समा जारी ५४ औं एसियाली शारीरिक सुगठन तथा फिजिक स्पोर्ट्स च्याम्पियनसिपमा झापाका उमेश (जीवन) राईले ८० केजी तौल समूहमा रजत पदक जितेका छन् ।

# लुम्बिनीमा मन्त्री फेर्ने तयारी




*झापा (प्रस)* । लुम्बिनी प्रदेशमा मन्त्रीहरु परिवर्तनको गृहकार्य सुरु भएको छ । प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेसले नै मन्त्री परिवर्तन गर्ने प्रस्ताव गरेपछि कांग्रेस र माओवादी केन्द्रमा तयारी सुरु भएको हो । मन्त्री परिवर्तन हुने भएपछि प्रदेश सभा सदस्यहरुले मन्त्री बन्न दौडधुप थालेका छन् भने पुराना मन्त्रीहरु आफ्नो पद जोगाउने कसरतमा छन् । माओवादी केन्द्रका प्रमुख सचेतक तुलाराम घर्तीमगरले भने मुख्यमन्त्री बाहेक कांग्रेस र माओवादीका सबै मन्त्रीहरु फिर्ता बोलाएर नयाँ पठाउने मौखिक सहमति भएको बताए । 'मन्त्री फेरेपछि सबै फेर्नुपर्छ भन्ने तर्क हो,' उनले भने ।

गत साउनमा पाँचदलीय गठबन्धनबाट बनेको सरकारमा कांग्रेस, माओवादी केन्द्रसहित

❖ बाँकी अन्तिम पृष्ठमा

# लिङ्देनको साथ छाडेका नेताहरु थापाको पार्टीमा जाँदै

*झापा (प्रस)* । राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपा परित्याग गरेका नेताहरु कमल थापा नेतृत्वको राप्रपा नेपालमा प्रवेश गर्ने भएका छन् । मंगलबार राप्रपाबाट बाहिरिएका नेताहरु दिलनाथ गिरी, दिलविकास राजभण्डारी, श्याम तिमल्सिना, दमन बस्नेत, केशवराज श्रेष्ठलगायतका नेताहरु राप्रपा नेपालमा प्रवेश गर्न गर्न लागेको राप्रपा नेपालका प्रवक्ता सुरेश आचार्यले जानकारी दिए । उनीहरुबाहेक विभिन्न पार्टी र समूहका व्यक्तिहरु पनि पार्टी प्रवेश गर्ने कार्यक्रम रहेको आचार्यको भनाइ छ । उनीहरुलाई पार्टीमा स्वागतका लागि राप्रपा नेपालले बिहीबार राजधानीमा एक कार्यक्रमको आयोजना गरेको छ ।

# बाध्य भएर स्वास्थ्य बीमा स्थगित गर्यौं : निजी अस्पताल

*झापा (प्रस)* । निजी मेडिकल कलेज तथा शिक्षण अस्पतालहरुले सरकारका कारण स्वास्थ्य बीमा कार्यक्रम स्थगित गर्न बाध्य भएको बताएका छन् ।नयाँ आर्थिक बर्ष सुरु भएसंगै निजी मेडिकल कलेज तथा अस्पतालहरुले सूचना जारी गर्दै आफूहरुको बाट उपलब्ध हुँदै आएको कार्यक्रम स्थगित गरेको बताएका थिए ।बुधबार काठमाडौँमा संयुक्त पत्रकार सम्मेलन गरी विराट मेडिकल कलेज तथा काठमाडौँ मेडिकल कलेजका सञ्चालक सुनिल शर्मा, विराट मेडिकल कलेजका सञ्चालक डा.ज्ञानेन्द्रमानसिंह कार्की र बीएण्डसी अस्पतालका सञ्चालक दुर्गा प्रसाईले बीमा कार्यक्रम स्थगित हुनुमा



दोष सरकारको रहेको बताए ।

'यहाँहरु सबैलाई थाहा छ, सरकारले गत १५ जेठमा प्रस्तुत गरेको बजेट बक्तव्यको १५१ नम्बर बुँदामा स्वास्थ्य बीमा कार्यक्रम सरकारी र सामुदायिक अस्पतालमा मात्रै सञ्चालन गर्ने भनिएको छ । त्यसपछिको डेढ महिनामा हामीलाई कुनै निर्देशन पनि आएन ।हामी आफैले जानकारी लिन खोज्दा पनि केही भनिएन । त्यसैले हामीले बीमा कार्यक्रम रोकेका हौं,' बीएण्डसीका सञ्चालक प्रसाईंले भने । उनले सरकारी अस्पतालले यो कार्यक्रम धान्न नसक्ने भन्दै त्यसको प्रत्यक्ष असर जनतालाई पर्ने बताए ।

नोवेलका सञ्चालक शर्माले आफूहरुलाई फाइदा नहुँदा नहुँदै पनि राज्यको कार्यक्रम सञ्चालन गरिदिएको दावी गर्दै निजी क्षेत्र जनताप्रति उत्तरदायी हुँदा राज्य नभएको आरोप लगाए । 'आम सर्वसाधारणले वीमा कार्यक्रम हामीले रोकेको हो कि भन्ने बुझाई भएको छ । तर त्यसो होइन राज्यले नै हामीलाई चलाउन नदिने भनेपछि हामीले सूचना जारी गरेका हौं । यो कुरा स्पष्ट हुन जरुरी छ,' उनले भने ।

विराटका सञ्चालक डा.कार्कीले पनि राज्यको नीति अनुसार नै आफूहरुले कार्यक्रम स्थगित गरेको बताए । सञ्चालकहरुले पुरानो बक्यौँता रकमको सोधभर्ना गरेर आग्रह गरेमा आफूले सो सेवालाई पुनः निरन्तरता दिन सकिने बताए ।

बीएण्डसीले आफूहरुको ५४ करोडबढी र नोवेलले ६२ करोडबढी रकम बीमा बोर्डमा रोकिएको समेत दावी गरे । उनीहरुले ठूलो रकम रोकिँदा अन्य सेवामा समेत अप्ठेरो परेको बताए ।

आवश्यकता

यस प्रतिदिन दैनिकका लागि निम्न कर्मचारी आवश्यक भएकाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

**पद-असिस्टेन्ट मार्केटिङ मेनेजर(पुरुष)**
**योग्यता- प्लस टु उत्तीर्ण**
**तलब -न्यूनतम १५ हजार**

मोटरसाइकल चलाउन जान्ने र अनुभवीलाई बिशेष प्राथमिकता ।विस्तृत जानकारीका लागि प्रतिदिन दैनिकको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रतिदिन दैनिक
बिर्तामोड-४ , भद्रपुर रोड
फोन नं. ५४३८२० , ९८५२६७५३४४, ९८४२६३४४२६

# आगलागी हुँदा ६ घर जलेर नष्ट

*कुमरखोद (प्रस)* । बुधबार बिहान झापा गाउँपालिका वडा नं ५ सिमलडाँगीमा आगलागी हुँदा ६ वटा घर जलेर नष्ट भएको छ । बिहान ४.२० बजे झापा गाउँपालिका ५ सिमलडाँगी बस्ने अब्दुल कोरिम अलीको घरमा विद्युत सर्ट भई आगलागी शुरु भएको हो । आगलागीबाट अबदुल कोरिम अलीको टिनको छाना, बाँसको टाटीबेराले बनेको एकतले घर र घरभित्र रहेका लत्ता-कपडा, अन्नपात,भाँडावर्तन गरी



३ लाख, अब्दुल जुलास अलीको टिनको छाना, बाँसको टाटीबेराले बनेको एकतले घर र घरभित्र रहेका लत्ता-कपडा, अन्नपात,भाँडावर्तन गरी ३ लाख,अमोर अली टिनको छाना, बाँसको टाटीबेराले बनेको एकतले घर र घरभित्र रहेका लत्ता-कपडा, अन्नपात,भाँडावर्तन गरी २ लाख ५० हजार , अनाबर अलीको टिनको छाना, बाँसको टाटीबेराले बनेको एकतले घर र घरभित्र रहेका लत्ता-कपडा, अन्नपात,भाँडावर्तन गरी ३ लाख ५० हजार , ईस्माइल अलीको टिनको छाना, बाँसको टाटीबेराले बनेको एकतले घर र घरभित्र रहेका लत्ता-कपडा, अन्नपात,भाँडावर्तन गरी ३ लाख ७५ हजार र समित अलीको टिनको छाना, बाँसको टाटीबेराले बनेको एकतले घर र घरभित्र रहेका लत्ता-कपडा, अन्नपात,भाँडावर्तन गरी ४ लाख ५० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

ईलाका प्रहरी कार्यालय कुमरखोदबाट प्रहरी नायव निरीक्षकको कमाण्ड र प्रहरी चौकी शरणामतिबाट प्रहरी सहायक निरीक्षकको कमाण्डमा टोली खटिगई स्थानीय समेतको सहयोगमा आगो बिहान ५.३० बजे पूर्णरुपमा निभाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

बिर्तामोड खानेपानीको अत्यन्त जरुरी सूचना

बिर्तामोड नगरक्षेत्रमा जेसीभी लगायत उपकरणले खन्दा वर्षाको समयमा खानेपानीको पाइपमा क्षति भइरहेको छ । जेसीभी लगायतका उपकरणले खन्दा खानेपानीको पाइप रहेको क्षेत्र पहिचान गरेर वा बिर्तामोड खानेपानीसंग समन्वय गरेर मात्र खन्न सबैलाई यसै सूचनामार्फत सूचित गरिन्छ । अन्यथा सम्वन्धित पक्ष नै जवाफदेही हुने जानकारी गराइन्छ । साथै हाल विभिन्न ठाउँमा गैरजिम्मेवार ढंगले पाइपमा क्षति पुर्‍याएर छोड्ने गरेको पाइएकाले त्यस्ता गैरजिम्मेवार काम गर्नेहरुलाई कानुनी कार्वाही गरिनेछ ।

अध्यक्ष : जलकुमार गुरुङ

## सम्पादकीय

### कोरोनाप्रति सतर्क रहौं

झापामा फेरि कोरोना संक्रमण बढ्न थालेको छ ।जिल्लामा बुधबार एकैदिन १२ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । जिल्ला प्रशासन कार्यालयले कोरोनाप्रति सतर्क रहन आग्रह गरिसकेको छ । कोभिड–१९ का बारेमा त सर्वसाधारणसमेत जानकार भइसकेका छन् । संसारलाई नै कक्रक्क पारेको पारेको यस महामारीले जनस्वास्थ्यका साथै विश्व अर्थतन्त्रमा समेत गम्भीर असर पारेको छ ।

नेपाली समाजले यसभन्दा पहिले देशव्यापी महामारी वा प्राकृतिक विपत्ति भोगेको थिएन । यसैले आरम्भमा यसको व्यवस्थापनमा सरकार अलमलमा पर्‍यो भने जनता बढी तर्सिए ।

जनस्वास्थ्यमा सामग्री खरिदमा महामारीको संकटमा पनि भ्रष्टाचार र कमिसन निर्णायक भयो । स्वास्थ्य सामग्री खरिदमा भएको भ्रष्टाचार र भारतसँग किनेको खोप कमिसनका कारण रोकिएको कटु वास्तविकता जनताले भोगे ।

सरकार बदलिएसँगै कोभिडको खोप अभियानले तीव्रता लियो । नेपाल अहिले कोभिडविरुद्ध खोप दिने मुलुकहरूमा सन्तोषजनक स्थानमा नै छ । बालबालिकालाई दोस्रो मात्रा खोप दिन पनि सुरु भएको छ ।

खोप हराएको, खेर फालिएकोजस्ता घटना पनि सार्वजनिक भएका छन् र तिनलाई गम्भीरतापूर्वक लिनुपर्छ । तर, अहिले प्राथमिकता भने बढ्दो संक्रमण सकेसम्म चाँडै रोक्नलाई नै दिनुपर्छ ।

संक्रमण नियन्त्रणमा व्यक्तिगत सावधानी निर्णायक हुने जानकारी अब सबैले पाइसकेका छन् । यसैले ज्यान जोगाउन सबै सावधान हुनेछन् भन्ने अपेक्षा गर्नु अनुचित हुँदैन । साथै, २ वर्षपछि मन फुकाएर चाडबाड मनाउने मौका पाइएको यथार्थ पनि बिर्सन सकिँदैन । जनस्वास्थ्यविद्हरूले कोभिड–१९ केही समय रहिरहने र विभिन्न रूपमा प्रकट भइरहने अनुमान गरेका छन् । यसैले यसको उपचार र निरोध दुवैमा सरकारले ध्यान दिइरहनुपर्ने देखिन्छ ।

कतिपय मुलुकहरूले खोपको अतिरिक्त मात्रा पनि थप दिइरहेका छन् । नेपालमा पनि भण्डारमा रहेको खोप बूढापाका र कमजोरहरूलाई दिने अभियान निरन्तर राख्नु उचित हुनेछ ।

अहिलेसम्म राज्यले नै खोपको खर्च बेहोरेको छ । खोपको लाभ लागतको विश्लेषण गर्दा पक्कै पनि राज्यलाई नोक्सान परेको छैन । तर, जनस्वास्थ्यका अरू प्राथमिकता पनि छन् । राज्यले कोभिडको अतिरिक्त खोपको खर्च अब बेहोर्न नसक्ने हो भने निजी क्षेत्रलाई अरू इन्फ्लुएन्जाको खोपजस्तै आयात गर्न दिए हुन्छ । सरकारले गुणस्तर र मूल्यको निगरानी तथा

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सुशासनका लागि महिला



• श्यामप्रसाद मैनाली

लोकतन्त्रमा प्राप्त अधिकार र शक्तिको सदुपयोग हुनु पर्दछ । शक्ति आर्जन गर्ने र न्यायपूर्ण तरिकाले शक्तिको उपयोग गर्ने दुई वटा महत्वपूर्ण उद्देश्य राजनीतिले लिएको हुन्छ । न्यायपूर्ण सहभागिता राज्यका सबै संयन्त्रमा हुनु पर्दछ । महिलाको राजनीतिक सहभागिता गराउँदा संख्यात्मक प्रतिनिधित्वले मात्र महत्व पाउनु हुँदैन । महिलामा सामाजिक सचेतनाको अभिवृद्धि गर्नु पर्दछ । महिला जनप्रतिनिधिहरूको क्षमताको विकास जरुरी हुन्छ । महिलाहरूको अर्थपूर्ण र गुणात्मक प्रतिनिधित्वको प्रत्याभूति गरेर समग्र देशको विकासलाई सम्भव बनाउने उद्देश्य राखिनु पर्दछ । नेपालमा महिलाको स्तर र समानताको अवस्था धर्म, जात, जाति, संस्कृति, क्षेत्र आदिले प्रभावित बनाइराखेको छ । महिलालाई सन्तान उत्पादन तथा पुरुषहरूको सहयोगीका रूपमा समाजले हेर्ने गर्दछ । घरायसी बुहार्तनमा मात्र महिलाहरू सीमित हुनु पर्दछ भन्ने विश्वास रहीआएको छ । यी सबै समस्यालाई न्यायोचित प्रकारले समाधान गर्न यो वर्गको उत्साहजनक सहभागिता विभिन्न प्रकारका राज्य संयन्त्रमा गराइनु पर्दछ । महिलाको अधिकारको समस्या प्रायः सबैतिर छ । मुस्लिम देशहरूका महिलाहरू नारकीय जीवन व्यतीत गर्न बाध्य छन् । वस्तुका रूपमा प्रयोग हुन्छन् । विश्वकै सम्पन्न देश संयुक्त राज्य अमेरिकामा पनि महिलाहरूप्रति विभेद हुने गरेको छ । उदाहरणका लागि पूर्वराष्ट्रपति बिल क्लिन्टनकी धर्मपत्नी हिलारी क्लिन्टन राष्ट्रपति निर्वाचित हुन सकिनन् । उनी दलभित्रको प्रतिस्पर्धामा बाराक ओबामासँग पराजित भइन् । दलबाट राष्ट्रपतिको उम्मेदवार बन्ने अवसर प्राप्त गर्दा डोनाल्ड ट्रम्पसँग पराजित भइन् । महिलालाई पुरुषसरहको अधिकार अमेरिकामा पनि धेरैपछि मात्र प्रदान गरिएको हो ।

**अवरोध र चुनौती**

सबै राजनीतिक दलमा पितृ सत्तात्मक सोचले पक्कड जमाइराखेको छ । राजनीतिक दलका विधानहरू र निर्वाचनसम्बन्धी कानुनहरूमा महिलाको समानुपातिक प्रतिनिधित्वका प्रावधानहरू छन् तर नेतृत्व , निर्णय लिने, नीति निर्माण गर्ने तहमा पुरुषहरूकै अत्यधिक बाहुल्यता र आधिपत्य छ । सबै दलमा उच्च जातिका पुरुष नै प्रभावी बनेका छन् । महिलाहरूले सम्पादन गरेको कार्य र योगदानलाई कदर गरिएको छैन । निर्णायक जिम्मेवारीमा पुगेका महिलाहरू उच्चपदस्थ पुरुषका नजिक रहनेहरू मात्र छन् । पुरुषको सोचाइमा महिलाहरूमा जिम्मेवारी वहन गर्न सक्ने र नेतृत्व प्रदान गर्न सक्ने क्षमता देखिँदैन । पुरुषमा जन्मजात नै नेतृत्व गर्ने क्षमता रहेको हुन्छ तर महिलाहरूमा यसको अभाव रहन्छ जस्ता पूर्वाग्रही धारणा पुरुषमा छ । पुरुषहरूको तुलनामा महिलाहरूलाई आर्थिक स्रोत साधन, शिक्षा, सामाजिक जिम्मेवारीमा पहुँच छैन । बाहिरी सम्पर्कमा आउनसमेत महिलालाई असहज अवस्था छ । राजनीतिक र प्रशासनिक निर्णय लिने तहहरूमा महिलाहरूको प्रतिनिधित्व क्रमशः दस र पाँच प्रतिशत मात्र छ । सकारात्मक विभेद र समावेशीकरणको नीति अवलम्बन गर्दा समेत तल्लो तहमा महिलाहरूको उपस्थिति देखिएको छ तर नेतृत्व तहमा खासै उपस्थिति देखिएको छैन । महिलाहरूको आवाजलाई बुलन्द गराउने परिस्थिति निर्माण गर्न सकिएको छैन । आफ्ना नजिकका नातागोता इस्ट मित्रहरूलाई मात्र अवसर दिइरहँदा समानुपातिक प्रतिनिधित्वको दुरुपयोग अत्यन्त ज्यादा भएको छ । २०७४ सालको संघीय संसद्को निर्वाचनमा सीमान्तकृतहरूका लागि व्यवस्था गरिएको स्थानमा धेरै जोडीले अवसर पाइरहँदा यस प्रकारको कानुनी व्यवस्थाको हदैसम्म खिल्ली उडाउने कार्य भएको छ । महिलाको नाममा केही उपल्ला पदहरूमा अवसर पाइरहनेहरू सम्भ्रान्त परिवारका सदस्य र राजनीतिक दलका नेतृत्व तहमा रहनेहरूका निकटतम मात्र देखिएका छन् । नेपालको राजनीतिमा महिलाहरूको प्रतिनिधित्व सांकेतिक मात्र हो । शिक्षा, स्वास्थ्य, सम्पत्ति, निर्णय निर्माण, नीति तर्जुमा जस्ता महत्त्वपूर्ण विषयहरूमा महिलाहरूको पहुँच स्थापित गर्न सकिएको छैन । महिलाविरुद्ध हुने हिंसाका घटनाहरूलाई अन्त्य गर्न सकिएको छैन । नागरिक समाज, राजनीतिक क्षेत्र र सामाजिक संरचनाका नेतृत्व तहमा रहने नगन्य संख्याका महिलाहरूले कमजोर र सीमान्तकृत महिलाहरूको प्रतिनिधित्व गर्न सकेका छैनन् । राजनीतिमा महिलाको प्रतिनिधित्वको अवस्थामा सुधार आउँदै गर्दा राजनीतिक परिवर्तन र सुधारका दिशामा कुनै पनि प्रकारको योगदान महिलाले दिन सकेका छैनन् । राजनीतिक दलहरूले संविधान र कानुनमा भएको व्यवस्थालाई स्वीकार गर्ने प्राविधिक कार्य पूरा गरेका छन् । महिलालाई महत्वपूर्ण जिम्मेवारीमा पुऱ्याउने उत्साह र जाँगर उनीहरूमा देखिँदैन । नेपालको राष्ट्रपति, प्रधानन्यायाधीश, सभामुखजस्ता सर्वोच्च पदहरूमा महिला पुगेका छन् तर उनीहरूको योगदान राष्ट्र निर्माणका विविध पक्षमा खासै हुन सकेको छैन । विश्वभरको राजनीतिक इतिहास अध्ययन गर्दा महिलाहरूले राजनीतिक संकटको समयमा ठूलो योगदान गरेको पाइन्छ । जब संकट नियन्त्रणमा आउँछ र उल्लेखनीय राजनीतिक उपलब्धि प्राप्त हुन्छ, महिलाहरूलाई स्मरण गरिँदैन । महिलाहरूमा क्षमताको अभाव भएको आलोचना गरिरहँदा राजनीतिक दलहरूले आफ्ना क्षेत्रमा अब्बल देखिएका मेधावी महिलाहरूलाई पनि उत्साहित गर्ने प्रयास भएको देखिँदैन । विश्वको उदाहरण हेर्दा नेतृत्वदायी र निर्णायक जिम्मेवारीमा महिलाहरू पुग्दा आर्थिक र सामाजिक विकास सम्भव भएको पाइएको छ । आरक्षणको व्यवस्थाबाट महिलाको संख्या मात्र बढाउन सहयोग पुग्दछ, तर उनीहरूको गुणात्मक प्रतिनिधित्व गराउनु अत्यावश्यक छ ।

**महिला प्रतिनिधित्वको अवस्था**

महिला सहभागिता सबै तहमा क्रमशः सुधार हुँदै आएको छ । २०७४ सालको निर्वाचनमा जम्मा अठ्तीस प्रतिशत उम्मेदवारी स्थानीय तहमा परेको थियो । प्रमुखमा ७.१ प्रतिशत गाउँपालिकाको अध्यक्षमा पाँच प्रतिशत र वडाध्यक्षमा तीन प्रतिशत महिला उम्मेदवारका रूपमा मैदानमा थिए । हालको संविधानले संघीय संसद् र प्रदेशमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनुपर्ने प्रावधान राखेको छ । यसवर्षको स्थानीय तहको निर्वाचनमा महिला प्रतिस्पर्धीमा कमीआएको छ । गठबन्धनका आधारमा पाँच दलहरूले उम्मेदवार तय गर्दा महिलाहरूको संख्या घटेको देखिँदैछ । यसमा राजनीतिक दलहरू आलोचित बनेका छन् । अधिकार सम्पन्न पदहरू जस्तै प्रमुख र वडाध्यक्षमा पुरुषहरूको आधिपत्य छ ।

**प्रतिनिधित्वको फाइदाहरू**

महिला प्रतिनिधित्वबाट देशमा समृद्धि ल्याउन थप सहयोगसिद्ध भएको छ । विश्व परिवेशमा अध्ययन गर्दा महिला सहभागिताबाट धेरै प्रकारका फाइदा भएका छन् । पुरुषको तुलनामा महिलाहरूको प्रतिनिधित्व वृद्धि भएको अवस्थामा भ्रष्टाचार नियन्त्रणमा सहयोग पुगेको देखिन्छ । पुरुषको तुलनामा महिलाहरू कम भ्रष्ट भएको स्थिति छ । नेपालमा स्थानीय तहहरूमा भ्रष्टाचार व्याप्त छ । नियन्त्रक निकायमा परेका उजुरीहरूमध्ये धेरैजसो भ्रष्टाचार र अनियमितताका बारेमै छन् । ठूलो संख्याका स्थानीय प्रतिनिधिहरूमाथि विशेष अदालतमा मुद्दा दायर भएका छन् । त्यसमा महिलाको संख्या शून्य छ । लोकतन्त्रले कमजोर, सीमान्तकृत वर्ग र समूहलाई सम्बोधन गर्न सक्नु पर्ने मान्यता विश्वव्यापी बनेको छ । नेपालको जनसंख्यामा महिलाको हिस्सा ५० प्रतिशतभन्दा ज्यादा छ । महिलाहरूलाई राज्य संयन्त्रमा ससम्मान सहभागी बनाउँदा मात्र लोकतन्त्रले सकारात्मक सन्देश प्रवाह गर्न सक्छ । महिलाको मूलप्रवाहीकरणको अभावमा नेपालको लोकतन्त्रले सही गति लिन सक्दैन । जनताको आवश्यकताको अधिकतम सम्बोधन गर्न महिला सहभागिता अपरिहार्य छ । ठूलो संख्याका महिलाहरूको हितमा निर्णय लिन र नीतिहरू तर्जुमा गर्न पनि महिलाको सहभागिता राज्यका संयन्त्रहरूमा हुनुपर्छ । लैङ्गिक असमानताले समाजमा विकृति मात्र आमन्त्रण गरिराखेको छ ।

यसको समाधानका लागि महिलाले नै आफ्नो भलाइका बारेमा निर्णय लिन पाउनु पर्दछ । यो अवस्था महिला सहभागिताबाट मात्र सम्भव हुन्छ । महिलाहरूको सहभागिता न्यून हुँदा उनीहरूको आवाजले मूर्त रूप लिन सक्दैन । ठूलो संख्यामा महिलाहरूको सहभागिता हुँदा मात्र उनीहरू राज्यबाट लाभान्वित हुने अवस्था बन्दछ । लोकतन्त्रमा बहुमतको शासन हुनु पर्दछ । बहुमतले शासन गर्दा कमजोर वर्गहरूको आवाजलाई सम्बोधन गर्नु अत्यावश्यक छ । पुरुषको भन्दा बढी सङ्ख्यामा रहेका महिलाले अवसरहरू कम पाइरहँदा नेपालको लोकतन्त्रले बहुमत जनसंख्यामा सकारात्मक सन्देश प्रवाह गर्न सक्दैन । बहुमतमा रहेको वर्गलाई नेतृत्वमा नपुऱ्याइ देशले कस्तो नीति अवलम्बन गर्ने हो, अवस्था सोचनीय छ । स्वास्थ्य सेवा, शिक्षा, जीवन निर्वाहका पक्षहरूमा महिला पुरुषको तुलनमा अब्बल प्रमाणित भएका छन् । यी क्षेत्रमा महिलाको संलग्नतालाई प्राथमिकतामा राख्दा मात्र सकारात्मक नतिजा प्राप्त गर्न सकिन्छ । विश्व परिवेशमा जुन अनुपातमा महिलाहरूको प्रतिनिधित्वमा वृद्धि भएको छ सोही अनुपातमा विकासको गतिले तीव्रता पाएको छ । नेपालले पनि महिलाहरूलाई निर्णायक तहमा पुऱ्याउनुपर्छ । महिलाहरूको समानुपातिक प्रतिनिधित्व गराउँदा सामाजिक न्याय प्राप्त हुन्छ । राज्यको ठूलो जनसंख्याले सरकारप्रति अपनत्व ग्रहण गर्दछ । असमानताको निराकरणमा ठूलो योगदान पुग्दछ । नर्वे, स्विडेन र स्विट्जरल्यान्डमा राजनीतिमा महिलाहरूको सहभागिता क्रमशः ४१ प्रतिशत, ४७ प्रतिशत र ३९ प्रतिशत छ । यी सबै देश समुन्नत छन् । सबै प्रकारका अधिकार नागरिकले प्राप्त गरिराखेका छन् । नेपालमा राणाशासनदेखि वर्तमान समयसम्म आइपुग्दा महिला जागरण, सामाजिक एवं राजनीतिक परिवर्तनको गतिमा सुधार आएको सन्दर्भलाई स्वीकार गर्नुपर्दछ तर राजनीतिमा महिलाको अर्थपूर्ण सहभागिताको प्रश्न अत्यन्त जटिल छ । नेपालको सम्बन्धमा विविधतापूर्ण समाज अस्तित्वमा रहेकाले सबै वर्ग, क्षेत्र, संस्कृतिमा आबद्ध भएकाहरूलाई राजनीतिका मूलप्रवाहीकरण गर्नु आवश्यक छ ।

# भ्रष्टाचार नियन्त्रणको पहल



• प्रेमप्रसाद ढकाल

समाजमा नैतिक मूल्य, मान्यता र मर्यादित आदर्शहरू रित्तिदै गएर व्यक्तिको आचारणमा भ्रष्ट तत्वको प्रवेश भएपछि भ्रष्टाचारले जन्म लिन्छ । भ्रष्ट मनसाय राखेर नैतिक पतन हुने गरी नाजायज मुनाफा आर्जन गर्नका लागि गरिने पक्षपातपूर्ण निर्णय र निकृष्ट कर्म हो भ्रष्टाचार । अरूको देखासिकीको नक्कल र चाँडै धनी बन्न खोज्ने मनसायले व्यक्तिलाई भ्रष्टाचारतिर डोहोऱ्याउँछ । ट्रान्सपरेन्सी इन्टरनेसनलले १८० देशमा अध्ययन गरेर यही वर्ष निकालेको एक तथ्याङ्कअनुसार बढी भ्रष्टाचार हुनेमा नेपाल ११७ औं स्थानमा छ । यो सार्वजनिक भइसकेको तथ्य हो । मन्दिर पाटीपौवा, धर्मशालाहरू, राट्रिय गौरवका आयोजना, विकास निर्माणका कार्य, ट्रष्टका जमिन जतासुकै सेटिङ, मिलेमतो वा सौदावाजीमा गरिने भ्रष्टाचार व्याप्त छ । यसरी नीतिगत, सङ्गठित र केन्द्रीकृत हुँदै आएको भ्रष्टाचार हाम्रा लागि चुनौतीपूर्ण समस्या हो । यस्ता हरेक काण्डमा मुछिएका व्यक्ति वा संस्थाहरू निर्दोष भए उन्मुक्ति र दोषी भए सजाय दिनुपर्छ ।

मन्त्रालयमा मन्त्री फेरिनासाथ सचिव, विभागीय निर्देशक र हाकिमहरू फरिने र सेटिङ मिलाउने परिपाटी बन्द गरी नीति, नियत र नियमलाई सफा बनाउँदै हरेक निकायका कर्मचारीहरूलाई निश्चित पद्धतिभित्र राखेर पदीय जिम्मेवारीबाट हलचल हुन नदिने हो भने भ्रष्टाचार शून्यमा झार्न बेरै लाग्दैन तर त्यतातिर कसैको ध्यान गएन । भ्रष्ट व्यक्तिलाई रोक्ने नीति, नियम, कानुन मात्रै पर्याप्त हुँदैनन्, समाजको नैतिक बन्धन र दबाब पनि उत्तिकै आवश्यक हुन्छ । भ्रष्टाचार नियन्त्रणकै लागि हरेक मन्त्रालय, विभाग र विभिन्न निकायमा ‘म भ्रष्टाचार गर्दिनँ, भ्रष्टाचार हुन दिन्नँ’ भन्ने लेखेर राखेको छ तर पनि यसमा आशा गरेजस्तो सुधार हुन सकेको छैन । विषयगत विज्ञता हासिल गरेर आफ्नो स्थान मजबुत बनाएका सबै कर्मचारीलाई त्रुटि वा कमजोरी कहाँ हुन्छ, त्यो सबै थाहा हुन्छ तर उनीहरू त्यो सत्य खोल्दैनन् । देशको संविधान तथा कानुनले भ्रष्टाचारलाई अपराधजन्य कसुर मानेको छ तर पनि भ्रष्टाचार उत्तिकै छ । भ्रष्टाचार कहाँबाट हुन्छ ? कसरी हुन्छ ? कति हुन्छ ? कसले गर्छ ? सबै स्रोत थाहा भएर पनि रोक्न सकिँदैन किन ? कुरा धेरै नै विचारणीय छ ।

हाम्रा कर्मचारीहरूले राष्ट्रप्रति खाएको कसम र आफ्नो पेसागत मर्यादा जोगाउन नसक्नुमा न्यून तलबस्केल लगायत अपर्याप्त सेवासुविधाका केही बाध्यता होलान् तर भ्रष्टाचार र घुसखोरी यसको समाधान होइन । यसका लागि नीतिगत लडाइँ लड्नु पर्छ । मन्त्री वा नेताको चाकरीमा रमाएर नीतिगत भ्रष्टाचारको साक्षी बस्नु हुँदैन । विषयगत दक्षता र कार्यगत मूल्यांकनका आधारमा छानिएका कर्मचारीहरू सरकारका स्थायी प्रतिनिधि हुन् । यी प्रतिनिधिहरू एउटा स्थायी पद्धतिमा चल्नुपर्छ । प्रलोभन, डर, धाक र धम्कीमा विचलित हुनु हुन्न । विभिन्न निकायमा सेटिङ छ भने त्यो भत्काउनुपर्छ । जिम्मेवारी र कर्तव्यका हिसाबले प्रशासनिक संयन्त्रको मेरुदण्ड बनेका कर्मचारी वर्गमा देखिएका कमीकमजोरी हटाउँदै नैतिक आदर्श उच्च बनाउनु पर्छ । सरकारी लगानीको फाइदा सेवाग्राहीसम्म पुऱ्याउन कसै न कसैले कठोर कदम उठाउनै पर्छ । कार्यकारी अधिकार पाएको एकजना व्यक्तिको निस्वार्थ पहलले छोटो समयमै सम्पन्न राष्ट्र बन्न पुगेका उदाहरणहरू एकातिर छन् भने अर्कोतिर व्यक्तिको नीति र नियत खराब भएपछि राष्ट्र र जनताले औधि दुःख पाएका उदाहरणहरू पनि छन् । लि क्वान सिङ्गापुरको शासनमा आउँदा सिङ्गापुर भ्रष्टाचारमा डुबेको र बेरोजगारीले समस्या उच्च थियो । छिमेकी मुलुक मलेसियाबाट छुट्टिएर सन् १९६५ मा स्वाधीनता हासिल गरेको यो मुलुक आर्थिक रूपले जर्जर र कमजोर थियो ।

लि क्वानले आफू सत्तामा आएपछि सबभन्दा पहिले उनले विदेशी लगानीलाई आकर्षण गरी उत्पादन क्षेत्रको वृद्धि गर्ने योजना ल्याए । बेरोजगारलाई उत्पादनका हरेक क्षेत्रमा खटाउने विभिन्न योजनामूलक कार्यक्रम बनाए । बेरोजगारी समस्या समाधान गर्नुभन्दा पहिले उनले भ्रष्टाचारको जरो पहिल्याएर त्यसलाई निमोठ्ने योजना बनाए । माथिदेखि तलसम्म व्याप्त रहेको भ्रष्टाचार निर्मूल गर्न उनले सम्पति शुद्धीकरणसम्बन्धी आयोग आफ्नो मातहत राखेर माथिल्लो तहबाट भ्रष्टाचार विरुद्धको अभियान सुरु गरे । यो अभियानमा उनका नजिकका मन्त्रीदेखि लिएर उच्च पदस्थ कर्मचारीसमेत थुप्रैजना कारबाहीमा परे । पोल खुल्ने भएपछि भ्रष्टाचारको मुद्दा लाग्नासाथ मन्त्री तेह चियाङ वाङले त आत्महत्या नै गरे । लिले कसैलाई मुलाहिजा नगरी भ्रष्ट जति सबैलाई कामबाट निकालेर श्रम शिविरमा हाली उत्पादनमूलक काममा लगाए । श्रमलाई नै मूल प्राथमिकतामा राखे । बेरोजगारहरू सबैलाई सीप र क्षमताअनुसारको काममा लगाए । यो देखेपछि कसैले भ्रष्टाचार गर्ने आँट गरेन । यसरी रोकियो त्यहाँ भ्रष्टाचार । यसरी बन्यो विश्वको नमुना सिङ्गापुर ।

प्रजातान्त्रिक सरकार, शिक्षित जनता, क्षमतावान अर्थशास्त्री भएर पनि देशको शासकको नियत र नीति असल नभएपछि जनता र राष्ट्रले ठूलो क्षति बेहोर्नु पर्दछ । श्रीलङ्का यसको उदाहरण हो । श्रीलङ्काका राष्ट्रपतिले राज्यशक्तिको दुरुपयोग गरे । भ्रष्टाचार र भ्रष्टाचारीलाई प्रोत्साहन दिए । विदेशी अनुदान र त्यसको कमिसनमा रमाए । राष्ट्र आर्थिक रूपले तहसनहस हुन लाग्दा पनि सुधारका कुनै उपाय अपनाएनन् । भएका साधन र स्रोतहरूको सही सदुपयोग गरेनन् । अन्त्यमा आफैं भाग्नु पर्ने अवस्था आयो । यसरी श्रीलङ्का आफ्नो ऋण तिर्न नसक्ने देश बन्यो । नेपालमा वैदेशिक ऋण बढ्दो छ । आम्दानी बाटाहरू पर्याप्त छैनन् । खै हामीसँग आर्थिक रूपले सम्पन्न हुने उत्पादनका नयाँ योजनाहरू ? बेरोजगारी अन्त्यका नयाँ बाटाहरू ? समयमै सोचौं । नाराले मात्र केही हुँदैन । परनिर्भर अर्थतन्त्रलाई सुधारेर आत्मनिर्भर बनाउने आर्थिक उन्नतिका मार्गहरू नपहिल्याएसम्म राष्ट्रको समृद्धिको परिकल्पना गर्न सकिँदैन । आर्थिक समृद्धिका लागि सधैं प्रतिबद्ध, जुझारु, लगनशील र सबल नेतृत्व चाहिन्छ । जनतामा आशा, उत्साह र जाँगर भर्नसक्ने र भविष्यप्रति विश्वास भएको नेता चाहिन्छ । नेपालसँग प्रचुर प्राकृतिकस्रोत, कर्मशील मानवस्रोत र अनुकरणीय भौगोलिक विविधता भएकोले चाँडै आर्थिक समृद्धि हासिल हुन्छ । यसका लागि दूरदर्शी शासक हुनुपर्छ ।

राज्य सञ्चालनका मूल अङ्गहरूलाई चुस्त, दुरुस्त, स्वच्छ बनाउन सबैभन्दा पहिला भ्रष्टाचार नियन्त्रण गर्नुपर्छ । यसका लागि दीर्घकालीन नीतिगत स्थायी कार्ययोजना आवश्यक हुन्छ । व्यक्ति तथा सरकार परिवर्तन भए पनि मूलनीति, योजना र कार्यक्रम परिवर्तन नहुने मान्यता स्थापित गर्नुपर्छ । वस्तुको मूल्य तथा कर व्यवस्थापनलाई पारदर्शी बनाउनुपर्छ । नागरिकको बीमा सुविधा तथा शिक्षा र स्वस्थ्यलाई सम्पूर्ण रूपमा सरकारी स्वामित्वभित्र समेट्नुपर्छ । अहिले जुन संयन्त्रले वा व्यक्तिले भ्रष्टाचार गर्न जति ऊर्जा, कौशल र समय खर्चेको छ त्यही शक्तिलाई यो भ्रष्टाचार विरोधी नीति कार्यान्वयनमा लगाउनुपर्छ । राजनीतिलाई विशुद्ध सामाजिक सेवा र सार्वजनिक प्रशासन सञ्चालनलाई नैतिक आदर्शको कर्तव्य बनाउनुपर्छ । अनियमितता गरेमा दण्ड सजायको भागीदार बन्ने पद्धति निर्माण गर्नुपर्छ । यसले राजनीति सङ्ल्याउँछ । सार्वजनिक प्रशासनमा एउटा असल थिति बसाल्छ । त्यसैले अबको राजनीतिको दिशानिर्देश त्यतातरि जाओस् । भर्खरै सम्पन्न स्थानीय निर्वाचनबाट चुनिएका नयाँ नेतृत्वले आ-आफ्ना ठाउँबाट भ्रष्टाचारविरुद्ध नयाँ कामको थालनी गरुन् । यो नै आमजनताको चाहना हो ।

# युरेनियम जस्तो देखिने पदार्थसहित १५ जना पक्राउ



पथरी । विराटनगर महानगरपालिकामा युरेनियम जस्तो देखिने पदार्थसहित १५ जना पक्राउ परेका छन्

विराटनगर महानगरपालिका वडा नं. ९ स्थित ट्राफिक चोकमा रहेको ठुल्दाइ होटलमा कोठा लिई बसेका ८ जनालाई युरेनियम जस्तो देखिने पदार्थसहित प्रहरीले पक्राउ गरेको छ।

विशेष सूचनाको आधारमा साउन १ गते पक्राउ परेका उनीहरुको साथबाट युरेनियम जस्तो देखिने १ केजी ८७.३ ग्राम पदार्थ बरामद भएको प्रहरीले जनाएको छ।

घटनामा संलग्न अधिकांशहरु मोरङका विभिन्न पालिकामा बस्ने पाईएको छ। जसमा धनपालथान गाउँपालिका वडा नं. ७ बस्ने वर्ष ४१ का शिवशंकर पासवान, वर्ष ४४ का लक्ष्मण शर्मा तथा वर्ष ४३ का प्रदिप पुरी , सोहि गाउँपालिका वडा नं. ४ बस्ने वर्ष ३७ का मुकेशकुमार साह , कटहरी गाउँपालिका वडा नं. २ बस्ने वर्ष ४० का दिलिपकुमार शर्मा , विराटनगर महानगरपलिका - १२ का वर्ष ४६ का फटिककुमार कार्की , सोलुखुम्बु माप्पे गाउँपालिका - ७ का वर्ष ३५ का गोपाल मगर , खोटाङको हलेसी नगरपालिका- ९ का वर्ष ३२ का किरन राई रहेका छन्।

यसैगरी, मंगलबार १२:३० बजे विराटनगर महानगर - ३ ,दुधफारमबाट विशेष सूचनाको आधारमा ९७८.६ ग्राम युरेनियम जस्तो देखिने पदार्थसहित केही व्यक्तिहरूलाई प्रहरीले पक्राउ गरेको छ । उक्त घटनामा संलग्नहरू गोरखाको गण्डकी गाउँपालिका- ८ बस्ने वर्ष ४५ का जीवन गुरुङ , महोत्तरी मङ्हा नगरपालिका वडा नं. ६ बस्ने वर्ष ४२ का अब्दुल गनी खान , महोत्तरी बर्दिबास नगरपालिका -१२ का वर्ष ३० का चन्दनकुमार महतो , ग्रामथान गाउँपालिका- ३ बस्ने वर्ष ५५ का रबिन्द्र गच्छेदार , बागमती गाउँपालिका-५ का वर्ष ३६ का दिपकबहादुर भ्लोन, मनराषिशवा नपा-३ बस्ने वर्ष ४९ का उमेशप्रसाद यादव तथा सिन्धुली कमलामाई नपा- ५ बस्ने वर्ष २८ का श्याम घिमिरेलाई प्रहरीले

# ८ वर्षीया बालिका बलात्कृत, ६ महिनापछि आरोपी पक्राउ

झापा । मोरङको कानेपोखरी गाउँपालिका-६ मा ८ वर्षीया बालिकालाई बलात्कार गरिएको घटना लामो सयमसम्म गाउँमै 'गुपचुप' राखिएको पत्ता लागेको छ । कानेपोखरी-६ का ४३ वर्षीय काजीमान पुरीले गत माघ ५ गते बालिकालाई बलात्कार गरेको खुलेको हो। घटना सार्वजनिक भएपछि पुरीलाई प्रहरीले पक्राउ गरेको छ । मौखिक रूपमा मिलापत्र गरेर गाउँमै 'गुपचुप' पारिएको घटना ६ महिनापछि सार्वजनिक भएको छ । 'बालिकालाई ६ महिनाअघि बलात्कार गरेको पत्ता लागेको छ,' मोरङ प्रहरीका डीएसपी राजन कार्कीले भने, 'घटना सार्वजनिक हुनेवित्तिकै आरोपीलाई पक्राउ गरेर अनुसन्धान अघि बढाइएको छ । ' कार्कीका अनुसार पुरीले आफ्नै घरमा लगेर बालिकालाई बलात्कार गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । बलात्कारका बारेमा स्थानीयले थाहा पाएपछि घटनालाई बाहिर नल्याउने शर्तमा सोही दिन मौखिम रूपमा मिलापत्र गराइएको रहेछ । डीएसपी कार्कीले पीडित बालिकाका अभिभावकले दिएको किटानी जाहेरीका आधारमा बलात्कारमा संलग्न पुरीलाई सोमबार पक्राउ गरिएको जानकारी दिए। उनीविरुद्ध जबरजस्ती करणी मुद्दा चलाउन मंगलबार म्याद थप गरेर घटनाको अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ। पीडित परिवारले गत असार ३० गते प्रहरीमा जाहेरी दिएका हुन्। कार्कीले बलात्कारलाई 'गुपचुप' राखिएको विषयमा अनुसन्धान भइरहेको र घटना लुकाउन भूमिका खेल्नेहरुलाई निगरानीमा राखिएको जानकारी दिए। पुरीले गत माघ ५ गते बालिकालाई बलात्कार गरेको स्थानीयले बताए। घटनालाई बाहिर नल्याउने शर्तमा सोही दिन गाउँका अगुवाले धाकधम्की दिँदै पीडित बालिकाकी आमालाई क्षतिपूर्तिवापत केही रकम दिलाएको पनि प्रहरीले जनाएको छ। घटना हुँदा पीडितका बुबा घरमा थिएनन्। जागिरको सिलसिलामा मोरङ बाहिर रहेका बुबा घरमा आएपछि मात्रै घटना सार्वजनिक भएको हो। 'म घरभन्दा बाहिर थिएँ। यो घटनाका बारेमा मलाई कसैले सुनाएनन्,' बालिकाका बुबाले भने,' छोरीलाई पिसाबमा समस्या भएपछि पटकपटक डाक्टरलाई देखाएँ । पछि छोरीले घटनाका बारेमा सुनाइन्।' बिरामी परेकी छोरीलाई पिसाब गर्नसमेत गाह्रो हुन थालेपछि सोधीखोजी गर्दा बलात्कार भएको थाहा पाएको उनले सुनाए। उनका अनुसार घरमा श्रीमती र छोरी मात्रै थिए। घटना सार्वजनिक गरेमा ज्यान मार्ने धम्की आएका कारण श्रीमतीले पनि बलात्कारको विषयलाई बाहिर ल्याउन नसकेको उनको भनाइ छ। 'ज्यान मार्ने धम्की आएका कारण श्रीमतीले मलाई सुनाइनन्,' उनले भने, 'घरमा आमा- छोरी मात्रै बस्छौ, कसैलाई सुनाए ठीक हुँदैन भन्ने धम्क्याएका रहेछन्।' छोरीले पनि लामो समयसम्म आफूलाई नभनेको उनले बताए। आफूले घटनाका बारेमा थाहा पाउनेवित्तिकै प्रहरीलाई खबर गरेको उनको भनाइ छ ।

# निषेधित लागूऔषधसहित चार पक्राउ



झापा । मोरङको उर्लाबारी नगरपालिका-२ बाट निषेधित लागूऔषधसहित चारजनालाई प्रहरीले पक्राउ गरेको छ ।

मंगलबार बेलुका साढे ६ बजे विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय उर्लाबारी र अस्थायी प्रहरी चौकी मंगलबारेबाट खटिएको प्रहरी टोलीले उर्लाबारी नगरपालिका-२ का २० बर्षीय नविन पुरीको घरबाट उर्लाबारी ३ का रकि धिमाल, उर्लाबारी-२ का उज्वल थापा र २८ बर्षीय सुमित राईसमेत ४ जनालाई निषेधित औषधी ट्रामाडोल ६ सय ४४ क्याप्सुल र स्पास्पेन ७ सय २० ट्याब्लेटसहित पक्राउ गरेको हो । निषेधित औषधीसहित पक्राउ परेका उनीहरुको इलाका प्रहरी कार्यालय उर्लाबारीबाट थप अनुसन्धान भईरहेको छ ।

# नेपालको पासपोर्ट विश्वकै कमजोर !

झापा । संसारभरिका पासपोर्ट (राहदानी)हरूको एक सर्वेक्षणले जापानको राहदानी सबैभन्दा बलियो देखाएको छ ।

लन्डनमा रहेको हेन्ली कम्पनीले गरेको 'पासपोर्ट इन्डेक्स' नामक अध्ययनमा नेपालको राहदानी भने निकै कमजोर पाइएको छ । अध्ययनले नेपाली राहदानीलाई उत्तर कोरियाभन्दा पनि तल अर्थात् १०६ औं स्थानमा राखेको हो । उत्तर कोरिया नेपालभन्दा एक स्थान अगाडि (१०५ औं) स्थानमा छ । गत वर्ष नेपाल १०९औं स्थानमा रहेको थियो । संसारका कति मुलुकहरूले भिसाबिनै(भिसाफ्री स्कोर) ती मुलुकमा प्रवेश गर्न दिन्छन् भन्ने आधारमा उक्त सूची तयार गरिन्छ । जसअनुसार जापान एक नम्बरमा छ । त्यस्तै सिंगापुर र दक्षिण कोरिया दोस्रो तथा जर्मनी र स्पेन तेस्रो स्थानमा रहेका छन् । जापानी नागरिकहरूले पहिले नै भिसा नलगाई संसारका १ सय ९३ मुलुकहरूको भ्रमण गर्न पाउँछन् भने नेपालीले मात्र ३८ मुलुकको भ्रमण गर्न मिल्छ । दोस्रो शक्तिशाली सिंगापुर र दक्षिण कोरियाको राहदानीले १ सय ९२ देश र तेस्रो स्थानमा रहेको जर्मनीको राहदानीले १ सय ९० देश घुम्न सकिन्छ ।

इटाली, फिनल्यान्ड, र लक्जेमवर्ग १ सय ८९ देशसहित चौथो र डेनमार्क, अस्ट्रिया, नेदरल्यान्ड्स र स्विडेनको राहदानी १ सय ८८ देशसहित पाँचौं शक्तिशाली पाइएको छ । फ्रान्स, पोर्चुगल, आयरल्यान्ड र बेलायत १ सय ८७ देशसहित छैटौं तथा १ सय



८६ देशसँगै स्विट्जरल्यान्ड, संयुक्त राज्य अमेरिका, नर्वे, बेल्जियम र न्युजिल्यान्ड ७ औंमा छन् । दक्षिण एसियाली मुलुकहरूमध्ये भारत ८७ औं स्थानमा, भुटान ९३ औं, बंगलादेश १ सय ४ औं र पाकिस्तान १०९औं स्थानमा रहेका छन् । सर्वेक्षण गरिएका मुलुकमध्ये अफगानिस्तान सबैभन्दा पुछारमा (१ सय १२ औं स्थानमा) छ । यस पटक पनि शीर्ष ३ बाहेक अन्य स्थानमा युरोपेली मुलुकको दबदबा देखिएको छ ।

संसारका सबैभन्दा बढी शक्तिशाली राहदानी

१. जापान
२.सिंगापुर, दक्षिण कोरिया
३. जर्मनी, स्पेन
४ . फिनल्यान्ड, इटाली, लक्जेम्बर्ग
५.अस्ट्रिया, डेनमार्क, नेदरल्यान्ड्स, स्विडेन
६.फ्रान्स, आयरल्यान्ड, पोर्चुगल, बेलायत
७. बेल्जियम, न्युजिल्यान्ड, नर्वे, स्विजरल्यान्ड, अमेरिका
८.अस्ट्रेलिया, क्यानडा, चेक गणतन्त्र, ग्रीस, माल्टा
९.हंगेरी
१०.लिथुआनिया, पोल्यान्ड, स्लोभाकिया

संसारकै सबैभन्दा कमजोर राहदानी

१०५. उत्तर कोरिया
१०६.नेपाल, प्यालेस्टाइन क्षेत्र
१०७.सोमालिया
१०८. यमन
१०९.पाकिस्तान
११०.सिरिया

१११.इराक
११२.अफगानिस्तान

त्यस्तै आर्टन क्यापिटलले गरेको सर्भेअनुसार भने खाडी मुलुक संयुक्त अरब इमिरेट्सको राहदानी सबैभन्दा शक्तिशाली देखिएको छ । आर्टन क्यापिटलले मोबिलिटी स्कोरका आधारमा वरीयताक्रम सार्वजनिक गरेको हो । आर्टन क्यापिटलका अनुसार यूएई १७१ मोबिलिटी स्कोरसहित शीर्ष स्थानमा रहेको छ । त्यस्तै जर्मनी, फिनल्यान्ड,लक्जेम्बर्ग, स्पेन, फ्रान्स र इटाली १६८ अंकसहित दोस्रो स्थानमा रहेका छन् । हेन्लीको वरीयतामा १०६औं स्थानमा रहेको नेपाल भने आर्टन क्यापिटलले सार्वजनिक गरेको वरीयतामा ८४औं स्थानमा रहेको छ ।

# पाथीभरामा केबलकार नबनाउन माग

झापा । ताप्लेजुङमा किरात याक्थुम चुम्लुङ र मुक्कुमलुङ संघर्ष समितिले पाथीभरामा जबरजस्ती केबलकार नबनाउन माग गरेका छन् ।

सदरमुकाम फुङलिङमास्थित पत्रकार महासंघको कार्यालयमा पत्रकार सम्मेलन गर्दै किरात याक्थुम चुम्लुङकी जिल्ला अध्यक्ष इन्दिरा मेन्याङवोले जबरजस्ती केबलकार निर्माण नगर्न माग गरिन् । फुङलिङ नगरपालिकाले केबलकार निर्माणको म्याद थप गरिदिएपछि चुम्लुङ र संघर्ष समितिले विज्ञप्ति जारी गर्दै यदि केबलकार निर्माण गरिए आफूहरू त्यसको




विरोधमा उत्रिने जनाएका छन् । उनीहरूले याक्थुङ लिम्बूहरूको मुन्धुमी पवित्रस्थल भएको र केबलकार निर्माण गर्नाले पर्यावरणमा समेत गम्भीर असर पर्ने भएकाले निर्माण गर्नु उपयुक्त नहुने दाबी गर्दै आएका छन् । नगरपालिकाले असार २९ गतेको कार्यपालिका बैठकले केबलकार सञ्चालन अनुमतिसम्बन्धी कार्यविधि संशोधन गरेको थियो । कार्यपालिकाको निर्णय राजपत्रमा प्रकाशित भएपछि असार ३० गते पाथीभरा माता केबलकार कम्पनीले म्याद थप गरेको हो । २०७५ सालमा पहिलो पटक बनाइएको कार्यविधिमा म्याद थपको परिकल्पना नभएकाले संशोधन गरिएको नगरपालिकाका प्रवक्ता मोहन न्यौपानेले जानकारी दिए । उक्त कार्यविधिमा चार वर्षमा निर्माण सम्पन्न गरी ३० वर्षसम्म सञ्चालन गर्ने उल्लेख छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
कोँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** इच्छा र आकाङ्क्षा पूर्ण होला । पठनपाठनमा प्रगति हुनेछ ।

**वृष** चिताएको कामले तीव्रता लिनेछ । सामाजिक कार्यमा सफलता मिल्नेछ ।

**मिथुन** मित्रबाट सहयोग मिल्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**कर्कट** आज महत्वपूर्ण अवसर गुम्न सक्छ। आफन्तको सल्लाह लिनुनै उचित हुनेछ।

**सिंह** साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । प्रेम सम्बन्ध पनि ठिकै हुनेछ ।

**कन्या** आज आकस्मिक धन लाभ हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।।

**तुला** शुभकार्यको चर्चा चल्नेछ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ ।

**वृश्चिक** आज शुभ समाचार सुन्न पाइएला । प्यारो साथीसँग भेट हुनेछ ।

**धनु** अरुलाई प्रभावित पारेर काम बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**मकर** नयाँ कार्यको थालनी हुनेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् ।

**कुम्भ** आज प्रतिष्ठित काम सुरु गर्ने मौका छ । पराक्रम र उत्साह बढ्नेछ ।

**मिन** अरुको भर पर्दा धोका पाइनसक्छ । राजनैतिक कार्यमा बाधा आउनेछ ।